# गण्डकी प्रदेश सभा

# **सार्वजनिक लेखा समिति**

## सातौं बैठक

## मिति २०८० पौष २९ गते, आईतबार, बिहान ११:०० बजे

**<u>दैनिक कार्यसूची</u>**

१. महालेखा परिक्षकको पाँचौ वार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) को प्रतिवेदनमा औंल्याइएको यस प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा देखिएको वेरुजुको कारण, वेरुजु फछ्र्यौटको हालको अवस्था, मुख्य समस्या, समाधानका उपाय, वेरुजु फछ्र्यौटको लागि हाल सम्म गरिएका कार्यहरु लगायत अन्य सम्बन्धित विषयमा छलफल हुने ।

२. विविध

*<u>अघिल्लो बैठकको संक्षिप्त कार्यबाहीको विवरण</u>*

यस प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग महालेखा परिक्षकको पाँचौ वार्षिक प्रतिवेदनमा औंल्याईएको बेरुजु उपर छलफल हुँदा देहाय बमोजिम निर्देशन दिइएको ।

१. गण्डकी प्रदेश, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई आफ्नो र मातहतका निकायहरुको बेरुजु सम्बन्धी विस्तृत विवरण यहि पौष २९ गते बस्ने समितिको बैठकमा प्रस्तुत गर्ने गरी उपस्थित हुन निर्देशन दिइएको।

२. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई आफ्नो र मातहतका निकायहरुको बेरुजु सम्बन्धी विस्तृत विवरण १५ दिन भित्र तयार गरी समितिमा पठाउने निर्देशन दिइएको ।